स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुस ७ गते, २०७९ साल (संख्या २४

भाग २

स्थानीय सरकार

ईन्द्रावती गाउँपालिका

नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

युवा उद्यमिका लागि प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७९

युवा उद्यमिका लागि प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७९

प्रस्तावना :

यस गाउँपालिकाको आ.व २०७९।२०८० को वार्षिक नीति तथा कार्यक्रम ,राष्ट्रिय युवा नीति २०७२ र युवा भिजन २०२५ को आधारस्तम्भ २ लक्ष्य १ अनुसार यस गाउँपालिकाको आ.व २०७९।२०८० को वार्षिक नीति तथा कार्यक्रममा उच्च शिक्षा प्राप्त युवामा रहेको बेरोजगारी दर र अर्ध बेरोजगारी दर कम गर्ने तोकिएको लक्ष्यमा झार्ने लक्ष्य वमोजिम विभिन्न विश्व बिद्यालयहरुमा स्नातक तहको परिक्षा उत्तिर्ण युवाहरुलाई सहकारी र वित्तिय संस्था मार्फत युवा स्वरोजगारका अवसर बढाउने लक्ष्य राखिएको छ । उक्त नीति तथा लक्ष्य अनुसार गाउँपालिका भरिका बिभिन्न क्षेत्रका युवा बर्गमा उद्यमशिलता, सिर्जनशीलता तथा सीपको बिकास गरी स्वरोजगार र उत्पादनको माध्यमबाट समृद्ध गाउँपालिका निर्माणका लागि बिश्वबिद्यालयबाट कम्तिमा स्नातक तह र प्राविधिक शिक्षालयबाट कम्तिमा डिप्लोमा तह पास गरेका शिक्षित बेरोजगार युवालाई उनिहरुले प्राप्त गरेको शैक्षिक प्रमाणपत्रका आधारमा ऋण प्रदान गरी रोजगारीको अबसर सृजना गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि यस गाउपालिकाको १४ औ गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम युवा उद्यमीका लागि प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम निर्देशिका २०७९ रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२ परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) गाउँपालिका भन्नाले ईन्द्रवती गाउँपालिका कार्यालयलाई संम्भनु पर्दछ

(ख) परिषद् भन्नाले ईन्द्रावती गाउँपालिका स्तरिय युवा परिषद् सम्भनु पर्दछ

(ग) युवा भन्नाले १६ देखि ४० वर्ष सम्मको उमेरका भएका ब्यक्ति संम्भनु पर्दछ ।

(घ) उद्यम भन्नाले नाफा आर्जन तथा रोजगारी सृजना हुने गरि सञ्चालन भएको नियमित आर्थिक क्रियाकलाप वा उद्योगलाई सम्भनु पर्दछ ।

(ङ) संघ स.स्था भन्नाले प्रचालित कानुन बमोजिम दर्ता भई अबिछिन्न काम गरेका संघसंस्थालाई सम्भनु पर्दछ ।

(च) समिति भन्नाले गाउँपालिका युवाहरुको प्रस्ताव छनौट गर्ने कार्यकारी समितिलाई सम्भनु पर्दछ

(छ) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्भनु पर्दछ ।

(ज) उपाध्यक्ष भन्नाले गाउँपालिकाका उपाध्यक्षलाई सम्भनु पर्दछ ।

(झ) उद्यमी भन्नाले नाफा आर्जन गर्ने उदेश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरि लगानी गर्ने ब्यक्ति वा समुहलाई सम्झनु पर्दछ ।

(ञ) ऋण भन्नाले निश्चित प्रक्रिया र बिधि बमोजिम फिर्ता गर्ने गरी लिएको रकमलाई सम्झनु पर्दछ ।

(ट) बित्तिय सेवा प्रदायक संस्था भन्नाले ऋण प्रदान गर्न र ऊठाउन जिम्मेवारी लिएको सहकारी वा बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ ।

(ठ) साझेदार संस्था भन्नाले कार्यक्रम सञ्चालनका लागि प्राबिधिक सेवा र सहयोग उपलव्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ड) बेरोजगार ब्यक्ति भन्नाले आयआर्जन हुने कुनै पनि पेशा व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नरहेको ब्यक्तिलाई सम्झनु पर्दछ ।

(ढ) प्राथमिकताको समुहका युवा, विशेष प्राथमिकताको समुहका युवा, द्धन्द्ध पिडित युवा, ोखिममा रहेका युवा, अपाङगता भएका युवा, र सिमान्तकृत अल्पसंख्यक समुदायका युवा भन्नाले निर्देशिकाले तोकेको परिभाषित गरेका युवालाई सम्झनु पर्दछ ।

परिच्छे -२

लक्षित समुह र उद्यमका क्षेत्र

३. लक्षित समुह :

(१) सोह्र वर्ष देखि चालिस वर्षसम्म उमेर समुहका स्नातक तह वा प्राविधिक डिप्लोमा उतिर्ण नेपाली युवा समुह यस कार्यक्रमका लक्षित समुह हुनेछन् ।

४ युवा उद्यम क्षेत्र :

युवाबाट व्यवसाय तथा उद्यम गर्न सकिने ब्यवशायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन् ।

(क) युवाले हासिल गरेको शैक्षिक प्रमाणपत्रको विषयमा आधारित व्यवसाय

(ख) युवाले प्राप्त गरेको तालिम, सीप र क्षमतामा आधारित व्यवसाय

(ग) औद्योगिक यवशाय ऐन २०७३ ले निषेध गरेको वाहेक सबै व्यवसाय

परिच्छेद –३

छनौटका आधार

५. उद्यम छनौटका आधार

गाउँपालिका भरि छरिएर रहेका युवालाई प्रमाणपत्रका आधारमा उद्यमका लागि ऋण प्रदान गर्न देहायका छनौटका आधारहरु अबलम्बन गरिनेछ ।

(१) प्रमाणपत्रका आधारमा ऋण कार्यक्रममा समावेस हुने युवाको न्यूनतम योग्यता :

(क)सोह्र वर्ष पुरा भइ चालिस वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको भए तोकिएको समय अवधि पुगेको,

(ग) साधारण शिक्षामा स्नातक तह वा प्राविधिक शिक्षामा डिप्लोमा तह उत्तीर्ण गरी प्रमाणपत्र प्राप्त गर्को ,

(घ) बेरोजगार रहेको,

(ङ)समुहमा उद्यम सञ्चालन गर्ने भए कम्तिमा ५० प्रतिशत युवा महिला समुह सदस्य रहेको,

(२) युवाले प्रस्ताव गरेको व्यवसायिक उद्यम प्रस्तावना मूल्याङ्कनका आधारहरु

(क) प्रस्तावित उद्यमको ५ वर्षे व्यवसायिक योजना-७५ अंक

अ. स्थानीय स्रोतमा आधारित-१५ अंक

आ.बजारमा सुनिश्चितता भएको -१५ अंक

इ. थप रोजगारको सिर्जना गर्ने -१५ अंक

ई. आर्थिक लगानीको सुनिश्चितता भएको -१०अंक

उ. सहज सञ्चालन हुने देखिएको -५ अंक

ऊ.जोखिम कम रहेको -५ अंक

ए. नेपालीको आयातलाई घटाउने सहयोग पुर्याउने -१० अंक

(ख) शैक्षिक प्रमाण पत्रको स्तर-२० अंक (प्राविधिक विषयमा स्नातक भए २० अंक, प्राविधिक डिप्लोमा भए १५ अंक,साधारण स्नातक भए १० अंक, साधारण स्नातक गरी ३९० घण्टाको प्रमाणपत्र प्राप्त तालिम भए १५ अंक)

(ग) समावेशी सहभागिता ५ अंक (व्यक्तिको हकमा विशेष प्राथमिकताको समुहको युवा भए ५ अंक,प्राथमिकताका समुह भए ३ अंक । समुहको हकममा विशेष प्राथमिकताको समुहका युवा सम्मिलित युवा भए ४ प्राथमिकताको समुह भए ३ अंक र प्राथमिकताको समुहका युवा सम्मिलित समुह भए २ अंक ।) जम्मा-१००

(३) गाउँकार्यपालिकाले र औद्यौगिक व्यवशाय ऐन २०७३ ले तोकेका क्षेत्र विशेष प्राथमिकता क्षेत्रका युवाबाट आएको उद्यम प्रस्ताव तथा हासिल गरेको शैक्षिक योग्यता विषयसँग सम्बन्धीत उद्यम प्रस्ताव भएका युवालाई विशेष प्राथमिकता दिई छनोट गुर्न पर्नेछ ।

परिच्छेद ४

उद्यम छनौट प्रक्रिया

६. सूचना प्रकाशन : (१) युवा उद्यमका लागि शैशिक्षक प्रमाण पत्रका आधारमा ऋण सहयोग कार्यक्रममा सहभागीताका लागि गाउँपालिकाले इच्छुक युवा,युवा समुह तथा सरोकारवालाको जानकारीका लागि १५ दिने सार्वजानिक सूचना प्रकाशन गरी उक्त सूचना गाउँपालिकाको वेबसाइटममा www.indrawati mun.gov.np मा समेत राख्नेछ । साथै गाउँपालिकाले प्रचार प्रसारका लागि सम्बन्धित वडा कार्यालयहरुमा जानकारी गराउने छ ।

वडा कार्यालयहरुले पनि सो सूचना सबै सरोकारवालालाई जानकारी गराउने गरी सार्वजनिक गर्नुपर्नेछ ।

उल्लेखित म्यादभित्र वडा कार्यालय मार्फत वा ईन्द्रावती गाउँपालिका कार्यालयमा व्यक्तिगत वा सामुहिकरुपमा उद्यम प्रस्ताव पेश गर्नुपर्नेछ ।

७.⁄ उद्यम प्रस्ताव छनौट सिफारिस समिति :

(१) गाउँपालिकामा जम्मा भएका उद्यम प्रस्तावको छनोटका लागि निम्न अनुसारको गाउँपालिका स्तरिय उद्यम प्रस्ताव छनौट सिफारिस समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय प्रमुख - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, शिक्षा युवा,तथा खेलकुद शाखा - सदस्य

(ग) अधिकृत प्रतिनिधि रोजगार शाखा - सदस्य

(घ) अधिकृत प्रतिनिधि,उद्योग शाखा - सदस्य

(ङ) अधिकृत प्रतिनिध प्रशासन शाखा सदस्य

(छ) सहकारी तथा गरिवी निवारण प्रमुख - सदस्य सचिव

(२) उद्यम छनौट सिफारिस समितिले समितिको बैठकमा वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय संस्थालाई अनिवार्य रुपममा आमन्त्रण गर्नुपर्नेछ र आवश्यकता अनुसार उद्यमको व्यवसायिक प्रस्तावको क्षेत्र अनुसार अन्य विशेषज्ञहरु आमन्त्रण गर्न सकिनेछ ।

(३) गाउँपालिका स्तरिय उद्यम प्रस्ताव छनौट सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) गाउँपालिका स्तरिय उद्यम प्रस्ताव छनौट सिफारिस समितिले गर्ने कार्यहरु देहाय बमोजिम हुनेछन्:

(क) गाउँपालिका स्तरिय उद्यमका लागि प्रस्ताव पेश गर्न इच्छुक युवालाई सहयोग गर्नका लागि वडा कार्यालयलाई व्यवसायिक योजना प्रस्ताव विकास सम्बन्धि सहजिकरण तथा अभिमुखीकरण गर्न सक्नेछ ।

(ख) गाउँपालिका भरिका युवा तथा युवा समुहहरुले व्यक्तिगत तथा समुहगत रुपमा पठाएका प्रस्तावहरुको विस्तृत अध्ययन,परामर्श गरी उच्चतम प्राप्ताङ्कको क्रममा राखि प्राथमिकताको आधारमा सूची

तयार गरी छनौटका लागि गाउँपालिका स्तरिय समितिमा सिफारिस गरी पठाउने ।

(ग) सिफारिस समितिले आवश्यक देखेमा उद्यम सञ्चालन कार्यान्वयन गर्ने क्षेत्रको अनुगमन निरीक्षण गर्नु गराउनुका साथै सरोकारवालाहरुसँग सोधपुछ र विचार विमर्श गर्न सक्नेछ

(घ) गाउँपालिका स्तरिय उद्यम प्रस्ताव छनौट सिफारिस समितिले सिफारिस गरेका प्रस्ताव कार्यकारी समितिले स्वीकृत गरी कार्यान्वयनका लागि पठाउने छ ।

ङ) युवा यद्यमीले उद्यम गर्नका लागि ऋृण प्राप्त गरेपछि पनि कुनै कारणवस उद्यम गर्न नसकेको पाईएमा कारणसमेत खोली सो रकम फिर्ता गर्न लगाई वैकल्पिक सूचीमा रहेको प्रस्तावलाई उद्यम सञ्चालन गर्न सिफारिस गर्न सक्ने छ ।

परिच्छेद-५

वित्तीय व्यवस्था

८.युवा उद्यम विकास घुम्ती कोष : १) युवा उद्यम कार्यक्रम सञ्चालनको लागि समितिको छुट्टै बैंक खाता हुनेछ । यस कोषमा गाउँपालिकाले उपलब्ध गराएको रकम, युवा यद्यमीले ऋृण फिर्ता गरेको रकम तथा अन्य सहयोगी संघ संस्था वा निकायले युवा उद्यम विकासका लागि उपलब्ध गराएको रकम जम्मा हुनेछ ।

२) समितिले यसरी युवा वा युवा समुहद्धारा सञ्चालित उद्यमको ऋण फिर्ता भएको रकम युवा उद्यम विकास घुम्ति कोषमा जम्मा गरी सो मार्फत अन्य शैक्षिक बेरोजगार युवाहरुलाई ऋण प्रवाह गर्नेछ ।

९. वित्तीय संस्था छनोट :

१) युवा उद्यमीसँग वित्तीय कारोवार गर्न इच्छुक वित्तीय संस्था छनोटका लागि गाउँपालिकाका कार्यालयले प्रस्ताव आह्वन गर्नेछ ।

२) प्राप्त निवेदनको छानविन गरी गर्न लगाई छनौट समितिले उपयुक्त वित्तीय संस्था छनोट गर्नेछ ।

१०. लगानी प्रवाह : १) छनोट भएका वित्तीय संस्थासँग समितिले आर्थिक कारोवार गर्न गाउँपालिकामा द्धिपक्षीय सम्झौता गर्नेछ । सम्झौता अनुसार समितिले कार्यक्रमको कोटा अनुसारको कूल रकम वित्तीय संस्थालाई उपलब्ध गराउनेछ । वित्तीय संस्थाले उक्त रकम समितिले छनोट गरेका युवा तथा युवा समुहमा उनीहरुको सक्कलै शैक्षिक प्रमाणपत्र धितो राखी ऋण लगानी गर्नु पर्नेछ । ऋण लगानी गरेको एक वर्ष पछि उक्त वित्तीय संस्थाले सम्झौतामा तोकिएको समयमा चरणबद्ध रुपमा समितिको घुम्तिकोषमा रकम जम्मा गरी फिर्ता गर्नुपर्नेछ ।

२) वित्तीय संस्थाले छनोट भएका युवा तथा युवा समुहलाई रकम लगानी गर्न गाउँपालिकाको कार्यालयले तोकेको निकाय,वित्तीय संस्था र उद्यमी युवा समुहबीच तोकिएको ढाँचामा त्रिपक्षीय सम्झौता गर्नेछ ।

३) सम्झौताको प्रथम पक्ष गाउँपालिका कार्यालय , दोस्रो पक्ष वित्तीय सेवा प्रदायक संस्था र तेस्रो पक्ष सम्बन्धित उद्यमी युवा वा युवा

समुह हुनेछन् । सम्झौताको एकप्रति सम्बन्धित उद्यमी युवा वा युवा समुहलाई, एकप्रति वित्तीय कारोबार गर्ने संस्था र एकप्रति गाउँपालिका कार्यालयमा रहनेछ । गाउँपालिका कार्यालयले त्रिपक्षीय सम्झौताको जानकारी गाउँ कार्यापालिकाको वैठकमा पेश गरि कार्यापालिकावाट अनुमोदन गराउनु पर्नेछ ।

४) उद्यम युवा वा युवा समुहले प्राप्त गर्ने ऋण सहयोग रकम वित्तीय कारोवार गर्ने संस्थाबाट उपलब्ध हुनेछ र ऋण चुक्ता फिर्ता गर्दा पनि सम्बन्धित वित्तीय संस्थामा नै गर्नु पर्नेछ ।

परिच्छेद-६

कोष तथा लेखा परीक्षण

१०. बजेट :

१) व्यवसायिक प्रस्तावहरु स्वीकृत भएपछि सम्बन्धित उद्यमी युवाको हकमा निजको एकल र समूहका हकमा समूहका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट वित्तीय संस्थामा खाता सञ्चालन गरिनेछ ।

२) ऋण प्राप्त गर्ने उद्यमी युवा वा युवा समूहले व्यावसायिक प्रस्तावनाको कूल बजेटको २० प्रतिशत बराकरको रकम उपदफा १ बमोजिमको वित्तीय संस्थाको खातामा अग्रिम जम्मा गरी सोको भौचर गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

३) त्रिपक्षीय सम्झौता भईसकेपछि उद्यमी युवा वा युवा समूहले अनिवार्य रुपले वित्तीय सेवा प्रदायक संस्थाको खातामा २० प्रतिशत रकम जम्मा गरेको एक हप्ताभित्र वित्तीय कारोवारका

लागि छनौट भएको सेवा प्रदायक संस्थामार्फत उद्यमको प्रकृति हेरी सम्झौता अनुसारको रकम एकै पटक रकम उपलब्ध गराउन सकिनेछ ।

४) गाउँपालिका कार्यालयले वित्तीय सेवा प्रदायक संस्थामार्फत उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख भएअनुसारको उद्यम कार्यको शुरुवात र विकास गर्नका लागि युवा वा युवा समुहका लागि रु ३००००० तिन लाख सम्मा बिना ब्याज ऋण सहयोग उपलब्ध गराउने छ ।

५) उद्यमी युवा वा युवा समुहले प्राप्त गरेको ऋण रकम दोस्रो वर्षदेखि सम्झौतामा तोकिएअनुसार कारोवार गर्ने वित्तीय संस्थामा फिर्ता गर्नुपर्नेछ । दोस्रो वर्षदेखि माथि तोकिएको समय अगावै रकम भुक्तानी फिर्ता गर्न चाहेमा भुक्तानी फिर्ता गर्न सकिनेछ ।

६) युवा यद्यमीलाई उपलब्ध गराइएको ऋण व्यवसायिक योजना अनुसार पाँच वर्षभित्र गाउँपालिकासँग सम्झौता गरीएको वित्तीय संस्थाले गाउँपालिकाले तोकेको बैंक खातामा फिर्ता गरी सक्नुपर्नेछ ।

७) गाउँपालिका कार्यालयले युवा उद्यमीसँग आर्थिक कारोबार गर्ने वित्तीय संस्थालाई सेवा शुल्क वापतको रकम द्धीपक्षीय सम्झौता उल्लेख भए बमोजिम सबै रकम घुम्तिकोषमा फिर्ता भएपछि फिर्ता भएका् रकम बमोजिम सेवा शुल्क वार्षीक रुपमा उक्तकोषबाट उपलव्ध गराउने छ ।

८) युवा यद्यमीले उद्यम गर्नका लागि ऋण प्राप्त गरेपछि पनि कुनै कारणवस उद्यम गर्न नसकेको पाईएमा कारण समेत खोली सो

रकम फिर्ता गर्न लगाई वैकल्पिक सूचीमा रहेको प्रस्तावलाई उद्यम सञ्चालन गर्न सिफारिस गर्न सक्ने छ ।

परिच्छेद–७

विविध

११. सहयोग गर्नुपर्ने: यस निर्देशिका बमोजिम सञ्चलित कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१२.निर्देशिनको पालनाः यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा गाउकार्यपालिका्को निर्देशन सम्बद्ध सबैले पालना गनुपर्नेछ ।

१३.निर्देशिका संशोधन गर्न सकिने: गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ ।

१४.सम्बन्धित निकायको भूमिका: यस निर्देशिकाको कार्यान्वयनका लागि सरोकारवाला निकायको काम कर्तव्य र अधिकार गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

१५.बाधा अड्काउ फुकाउने :यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँकार्यपालिले बाधा अड्काउ फुकाउने सक्नेछ ।

अनुसूची–१

<u>युवा उद्यमको लागि दिइने निवेदनको ढाँचा</u>

मिति:................

श्री ईन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर सिन्धुपाल्चोक

विषय: प्रमाणपत्रका आधारमा उद्यम सञ्चलनका लागि निवेदन पेश गरेको।

उपयुत्त सम्बन्धमा म/हामी तपसिलका व्यक्तिले..................जिल्लाको....................पालिका वडा नं. ....स्थित..............टोल/गाउँमा.................(उद्यमाको नाम) सञ्चालन गर्न चाहेको हुनाले युवा उद्यमाका लागि शैक्षिक प्रमाणपत्रका आधारमा ऋृण सहायोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ का शर्तहरु मन्जुर गरी तपसिलको विवरण सहितको कागजात सम्लग्न गरी यो निवेदन पेश गरेको छु ।

दस्तखत:
मिति:
नामथर:
स्थायी ठेगाना:
सम्लग्न कागजात:

१. नेपाली नागारिकताको प्रमाणित प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
३.सीपमूलक तालिम प्रमाणपत्रको प्रतिलिपि
४. चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
५. लक्षित समुह खुल्ने प्रमाणपत्रको प्रतिलिपी
६. पछिल्लो पटक अध्ययन गरेको शिक्षण संस्थाको सिफारिस
७. उद्यम सञ्चालन हुने वडाको सिफारिस ।

अनुसूची–२

व्यवसायिक योजनाको ढाँचा

क सं	विवरण	अन्य विवरण
१	व्यवसायको नाम, संक्षिप्त परिचय र उद्धेश्य	उद्यमको नाम उद्यमको संक्षिप्त परिचय.... उद्धेश्य विषय ....क्षेत्र उत्पादन हुने वस्तु
२	ठेगाना	जिल्ला.......... गापा । नपा............वडा नं......... टोल .... गाउँ ....
३	सम्लग्न हुने जनशक्ति	
४	प्रयोग हुने कच्चा पदार्थ	
५	प्रयोग हुने मेशिनरी औजार	
६	अनुमानित कुल लागत	
७	उत्पादित वस्तुको बजार क्षेत्र	
८	व्यवसायबाट हुने अनुमानित बार्षिक आम्दानी	
९	रोजगारी हुने संख्या	
१०	अन्य	

पेश गर्नेको

नामथरः

दस्तखतः

मितिः

स्थायी ठेगानाः

प्रमाणिकरण मितिः २०७९/०९/०७

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत